स्थानीय सरकार
अपिहिमाल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खण्डेश्वरी, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

पत्र सं. २०८१।८२
चलानी नं. ३९

( आर्थिक प्रशासन शाखा)

मिति: २०८२।०२।२३

श्री सरोकारवाला सबै ।
अपिहिमाल गाउँपालिका खण्डेश्वरी, दार्चुला ।

**बिषय: आ.व. २०८१।८२ को भुक्तानी र खाता बन्द हुने सम्बन्धमा ।**

उपर्युक्त सम्बन्धमा आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३०(१) बमोजिम भुक्तानी दिनुपर्ने रकम आर्थिक बर्ष समाप्त हुनुभन्दा कम्तिमा ७ (सात ) दिन अगावै भुक्तानी दिई निकासा र खर्चको लेखा अद्यावधिक गरी भुक्तानी निकासा बन्द गर्नुपर्ने कानुनी प्रावधान रहेको छ । साथै आर्थिक बर्षको अन्त्यमा कामको चाप बढी हुने, अधिक प्रयोगका कारण स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (SUTRA) पनि डाउन भई समस्या देखिने तथा असाढ मसान्त भित्रै कर दाखिला गर्नुपर्ने साथै संघिय सरकार र प्रदेश सरकारलाई फिर्ता गर्नुपर्ने अनुदानहरु फिर्ता गरी हिसाब मिलान गर्नुपर्ने भएको हुदाँ यस गाउँपालिकाबाट संचालित पुजिँगत खर्चको हकमा सम्पुर्ण योजना तथा कार्यक्रमहरु मिति २०८२।०३।१५ भित्र र चालु खर्चको हकमा सम्पुर्ण योजना तथा कार्यक्रमहरु मिति २०८२।०३।१० भित्र भुक्तानी लिन हुन अनुरोध छ । उक्त समयावधि भित्र भुक्तानी नलिई निकासा हुन नसकेमा कार्यालय जवाफदेही नहुने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ ।

नोट: संलग्न आवश्यक कागजात तथा प्रकृयाबिना भुक्तानीका लागी पेश भएमा कार्यालय भुक्तानीका लागी बाध्य हुने छैन ।

इश्वर सिह धामी
आर्थिक प्रशासन शाखा प्रमुख
इश्वर सिंह धामी
लेखापाल
अपिहिमाल गा.पा.खण्डेश्वरी, दार्चुला

ईन्द्र बहादुर रावल
प्रमुख प्रशासकिय अधिकृत
ईन्द्र बहादुर रावल
प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थ:**
श्री सबै शाखाहरु, अपिहिमाल गाउँपालिका खण्डेश्वरी, दार्चुला ।
श्री सबै वडा कार्यालयहरु , अपिहिमाल गाउँपालिका खण्डेश्वरी, दार्चुला ।
श्री सुचना प्रविधि शाखा, सुचना गाउँपालिकाको वेवसाइडमा अपलोड गर्नहुन ।